तामाकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जफे, दोलखा

**परामर्श सेवा खरिद (गाउँपालिकाको वस्तुगत विवरण)**

## प्राविधिक तथा आर्थिक प्रस्ताव आब्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७६/०५/११**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) मा व्यवस्था भए बमोजिम यस आर्थिक वर्ष २०७६/७७ मा गाउँपालिकाको मौजुदा सूचीमा दर्ता भएका ब्यक्ति, फर्म, वा कम्पनीहरुबाट सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७२ बमोजिम **तामाकोशी गाउँपालिकाको वस्तुगत विवरण (Municipal Profile)** तयार पार्नुपर्ने भएकाले इजाजत प्राप्त ब्यक्ति, फर्म, वा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५दिनभित्र (१५ औं दिन कार्यालय बिदा रहे त्यसको भोली पल्ट) कम्पनी दर्ताको प्रमाणपत्र, भ्याट दर्ताकोप्रमाणपत्र, आ व २०७४/७५ को करचुक्ताको प्रमाणित प्रतिलिपि सहित क्षेत्रगत कार्यसूची (Terms Of Reference) मा प्रस्ताव गरिए बमोजिमको ढाँचामा गाउँपालिकाको कार्यालयमा आइपुग्ने गरी रु.१० को टिकटका साथ प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिन्छ । त्यसरी पेश हुने प्रस्तावहरु छुट्टा छुट्टै खाममा राखी दुबै खामलाइ पुनः एउटै खाममा राखी पेश गर्नु पर्नेछ । रितपुर्वक नभएका,शिलबन्दी नगरीएका तथा म्याद नाघी प्राप्त भएका प्रस्तावहरुलाइ प्रतिस्पर्धामा समाबेश नगराइने ब्यहोरा समेत जानकारी गराइन्छ । प्राविधिक प्रस्ताव सूचना पकाशित भएको मितिले १६ औं दिन, दिनको ठिक २:०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ तर प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन् । प्रस्ताव सम्बन्धी विस्तृत जानकारी तथा क्षेत्रगत कार्यसूची (Terms Of Reference) यस गाउँपालिकाको कार्यालयबाट रु १००० (रुः एक हजार मात्र) भुक्तानी भएपश्चात प्राप्त गर्नसकिने छ ।